नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)

च.नं.
Ref. No.

मितिः २०८१/०३/१७

## अनुशासन सम्बन्धी उजुरी सम्बन्धमा सचेत गराइएको बारे ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ को दफा ३५(२) बमोजिम कार्यकारी निर्देशकको प्रस्तावमा संस्थाका एक सदस्य विरुद्ध "*गुणस्तर आश्वस्तता पुनरावलोकन गर्ने क्रममा पुनरावलोकनको प्रयोजनको लागि छनौट गरिएको एक कम्पनीको लेखापरीक्षण फाइल उपलब्ध नगराइएको सम्बन्ध*" मा दर्ता भएको उजुरी उपर छानविन गर्दा निज सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१, Code of Ethics २०१८ तथा गुणस्तर आश्वस्तता पुनरावलोकन कार्यविधि २०७३ बमोजिम पुरा गर्नुपर्ने दायित्व पूरा गरेको नदेखिएको भएतापनि निजले सो सम्वन्धमा आफ्नो वदनियत नरहेको तथा पुनरावलोकनको क्रममा कारणवश फाइल उपलब्ध गराउन नसक्नुमा आफ्नो गल्ती कमजोरी स्वीकार गरी यस प्रकारका गल्ती कमजोरी नदोहोर्‍याउने प्रतिवद्धता व्यक्त गर्नु भएको तथा अनुशासन छानविनको क्रममा भने लेखापरीक्षण फाइल पेश गर्नु भएकोले मिति २०८१ जेठ २९ गते वसेको परिषद्को ३२८ औं वैठकले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था, अनुशासन सम्वन्धी उजुरी छानविन कार्यविधि, २०७७ (पहिलो संसोधन २०७८ सहित) को दफा ५ को उपदफा ११ वमोजिम निज सदस्यलाई एक पटकको लागि सचेत गराई निज उपरको उक्त उजुरी तामेलिमा राख्ने निर्णय गरेको तथा लेखापरीक्षण फाइलमा लेखापरीक्षण कागजातको पूर्णता सम्वन्धमा केही कैफियत पाइएकोले निजको फर्मको अर्को वर्ष पनि ताकेता गुणस्तर आश्वस्तता पुनरावलोकन सम्पन्न गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि प्रकाशन गरिएको छ ।

..........................................
सिए. संजय कुमार सिन्हा
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**
Biratnagar: Tel: 977-021-474395, E-mail:icanbrt@ican.org.np Butwal: Tel:977-081-543629, E-mail:icanpkr@ican.org.np
Birgunj: Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np Pokhara: Tel: 977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj: Tel:977-081-525916, E-mail: icannpj@ican.org.np Dhangadhi: 977-091-527493, E-mail: icandng@ican.org.np